सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

आदेश

०७६-WH-०९४१

विषयः परमादेश।

अधिवक्ता शैलेन्द्रप्रसाद हरिजन समेत ------------------------------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय समेत ------------------------------------१ विपक्षी

यसमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री पुष्पराज पौडेल, श्री अजयशंकर झा, श्री सरोजकृष्ण घिमिरे, लक्ष्मीनानी थापा, श्री शैलेन्द्रप्रसाद हरिजन, पंकजकुमार कर्ण, श्री अम्बरबहादुर राउत, श्री विमला यादव, श्री राजन भट्टराई, श्री सन्तोष भण्डारी र श्री कमल कोइराला तथा प्रत्यर्थी मानव अधिकार आयोगको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री श्यामबाबु काफ्ले अन्य प्रत्यर्थीहरूको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे र विद्वान सहन्यायाधिवक्ता श्री सन्जिवराज रेग्मी समेतले गर्नु भएको बहस सुनियो।

यसमा निवेदन माग बमोजिम अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विचार गर्दा निवेदकले बन्दाबन्दी (Lock Down) को समयमा सर्वसाधारण मानिसहरू उपर अमानवीय व्यवहार गरिएको सम्बन्धी प्रश्न उठाएको देखियो। बन्दाबन्दी (Lock Down) को समयमा पनि मानिसको जीउ ज्यान, वैयक्तिक प्रतिष्ठा र सम्मानको संरक्षण गरिदिनु बाञ्छनीय छ। कुनै पनि भूमिकामा रहेका राज्यका कुनै पनि पदाधिकारीले कुनै पनि व्यक्ति उपर कानून प्रतिकूल अमानवीय व्यवहार

हुन्छ। यस कुरामा सम्वद्ध निकाय तथा पदाधिकारीहरूको पर्याप्त ध्यानाकर्षण हुने नै छ। निवेदकहरूले दैनिक आवश्यकता पूर्ति गर्ने, जीविका चलाउने, औषधी तथा खाद्यान्नको आपूर्ति गर्ने समेतका विषयमा जिकिर गरेको पाइयो। यी विषयहरू मध्ये कतिपय कुराको सम्बोधन भएको छ भनी विद्वान नायव महान्यायाधिवक्ताले बहसको क्रममा दृष्टान्त प्रस्तुत गर्नु भएको पाइयो। निवेदकले उठाएका केही विषय सरकारको नीतिगत र व्यवस्थापकीय कुरासँग सम्बन्धित देखिन्छन भने जनताको स्वास्थ्य सुरक्षा जीविका र समाजिक सुरक्षा सँग सम्बन्धित कतिपय विषयमा लगाउमा रहेका ०७६-WO-०९३३ समेतका निवेदनका सन्दर्भमा यस अदालतबाट अन्तरिम आदेश जारी भएको देखियो। सोही सम्बन्धमा अव पुनः दोहोरो पर्ने गरी अन्तरिम आदेश जारी गर्नुको प्रयोजन देखिएन। समग्रमा हेर्दा निवेदकले उठाएका समग्र जिकिरका सम्बन्धमा यस विवादको पूर्ण सुनुवाई हुँदाका अवस्थामा विवेचना हुनु मनासिव देखिन्छ। तसर्थ अहिले निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई दिई अरू नियमानुसार पेश गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७७ बैशाख ११ गते रोज ५ शुभम् ------------------------------------------।